प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय

धनकुटा, कोशी प्रदेश, नेपाल

पत्र संख्या:- यो. २०८१/८२
चलानी नं. – १

मितिः २०८१।०४।०१
नेपाल सम्वत ११४४

**विषयः आ.व. २०८०/८१ को चौथो त्रैमासिकको स्वतः प्रकाशन सम्बन्धमा।**

श्री जिल्ला प्रशासन कार्यालय
धनकुटा।

प्रस्तुत विषयमा यस डिभिजन वन कार्यालय धनकुटाको आ.व. २०८०/८१ को चौथो त्रैमासिकको स्वतः प्रकाशन (Proactive Disclosure) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

.............२०८१।०४।०१
उत्सव थापा
(सूचना अधिकारी)
उत्सव थापा
स व अ
(अधिकृतस्तर आठौं)

**वोधार्थ**
श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश विराटनगरः जानकारीको लागि अनुरोध छ।
श्री वन निर्देशनालय, कोशी प्रदेश, धरानः जानकारीको लागि अनुरोध छ।



CS Scanned with CamScanner

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय

धनकुटा, कोशी प्रदेश, नेपाल
को

## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ बमोजिमको आ.व. २०८०/८१ को चौथो त्रैमासिक अवधिको सूचना विवरण

आ.व. २०८०/८१

तयार गर्ने
व.अ. उत्सव थापा (सूचना अधिकारी)

Scanned with CamScanner

# विषयसूची

विषयसूची........................................................................................................................................ २

क) कार्यालयको स्वरुप र प्रकृति........................................................................................................ ३

ख) कार्यालयको काम, कर्तव्य र अधिकार.............................................................................................. ३

ग) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण ............................................................................ ४

घ) कार्यरत कर्मचारीहरुको कार्य विवरण................................................................................................ ४

ङ) कार्यालयबाट प्रदान गरिने सेवा....................................................................................................... ५

च) सेवा प्रदान गर्ने कार्यालयको शाखा र जिम्मेवारी अधिकारी.................................................................. ६

छ) निर्णय गर्ने प्रकृया र अधिकारी ....................................................................................................... ९

ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी .................................................................................................. ९

झ) सम्पादन गरेको कामको विवरण: ..................................................................................................... ९

ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद.............................................................................................. ९

ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ....................................................................................... १०

ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण: ......................................................... १०

उत्सव थापा
स व अ
(अधिकृतस्तर आठौं)



Scanned with CamScanner

## क) कार्यालयको स्वरुप र प्रकृति

कोशी प्रदेश अन्तर्गत पर्ने यस डिभिजन वन कार्यालय धनकुटा पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर र वन निर्देशनालय, धरान अन्तर्गत सञ्चालित सरकारी निकाय हो। यस डिभिजन वन कार्यालय जिल्लास्तरमा सीमित रहेको निकाय हो। यस कार्यालय अन्तर्गत ६ वटा सव-डिभिजन वन कार्यालयहरु स्तापन भई यस जिल्लाभित्र सञ्चालनमा रहेका छन्।

| सि.नं. | सव-डिभिजन वन कार्यालयको नाम | कार्यालय रहेको स्थान |
|---|---|---|
| १ | निशानदेवी सव-डिभिजन वन कार्यालय | कागते, धनकुटा न.पा., धनकुटा |
| २ | पाख्रीबास सव-डिभिजन वन कार्यालय | पाख्रीबास, पाख्रीबास न.पा., धनकुटा |
| ३ | छिन्ताङ्ग सव-डिभिजन वन कार्यालय | आँखीसल्ला, शहिदभूमि गा.पा., धनकुटा |
| ४ | जितपुर सव-डिभिजन वन कार्यालय | जितपुर, महालक्ष्मी न.पा., धनकुटा |
| ५ | भेडेटार सव-डिभिजन वन कार्यालय | भेडेटार, साँगुरीगढी गा.पा., धनकुटा |
| ६ | राजारानी सव-डिभिजन वन कार्यालय | डाँडाबजार, साँगुरीगढी गा.पा., धनकुटा |

| सि.नं. | विवरण | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|---|
| १ | राष्ट्रिय वन | | |
| १.१ | *सामुदायिक वनको कूल क्षेत्रफल (३८७ वटा)* | २९,३६५ | |
| १.२ | *धार्मिक वनको कूल क्षेत्रफल (३ वटा)* | ३०.४२ | |
| १.३ | *सरकारद्वारा व्यवस्थित वन* | ८,१२५.४१ | |
| २ | निजी वन दर्ता (६३ वटा) | ८९.५७ | |

## ख) कार्यालयको काम, कर्तव्य र अधिकार

- संघिय वन ऐन २०७६ तथा वन नियमावली २०७९ र प्रदेश वन ऐन २०७७ तथा प्रदेश वन नियमावली २०८० र तत्सम्बन्धमा बनेको मार्गदर्शन तथा निर्देशिकाहरु बमोजिम संचालन भएको छ।
- यस कार्यालयको मुख्य लक्ष्य वन क्षेत्रको दिगो व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्नु हो।
- वन स्रोतको व्यवस्थापन, संरक्षण, सदुपयोग र विकास गर्ने,
- वन क्षेत्रको विकास निर्माणका कार्यहरुमा योजना बनाउने, संयोजन गर्ने र कार्यान्वयन गर्ने गराउने,
- नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने गराउने र नीति निर्माणको कार्यमा सहयोग गर्ने,
- वन अतिक्रमण नियन्त्रण तथा वन व्यवस्थापनमा जनसहभागिता जुटाउने,
- वन पैदावारको सुलभ आपूर्ति, थप रोजगारी श्रृजना, जीविकोपार्जनमा सुधार गरी राजश्व वृद्धि गर्ने,
- जलवायू परिवर्तन, जोखिम न्यूनीकरणका लागि अनुकूलन कार्यक्रम संचालन गर्ने।

उत्तरप्रसाद थापा
प्र व अ
(अधिकृतस्तर आठौं)



Scanned with CamScanner

## ग) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

**कर्मचारी दरबन्दी विवरण**

| सि.नं. | पद | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | डिभिजनल वन अधिकृत | १ | १ | ० | अ. दशौं |
| २ | वन अधिकृत | ९ | ६ | ३ | अ. आठौं |
| ३ | रेञ्जर | १ | १ | ० | अ. छैठौं |
| ४ | नायब सुब्बा | १ | १ | ० | अ. छैठौं |
| ५ | लेखापाल | १ | १ | ० | अ. छैठौं |
| ६ | खरिदार | १ | १ | ० | स. पाँचौं |
| ७ | फरेष्टर | २ | ८ | ० | स. पाँचौं |
| ८ | वन रक्षक | २५ | १४ | ११ | |
| ९ | कार्यालय सहयोगी | २ | २ | ० | |
| १० | चौकिदार | १ | ० | १ | १ जना करारमा |
| ११ | हल्का सवारी चालक | १ | ० | १ | १ जना करारमा |
| | जम्मा | ४५ | ३५ | १६ | |

## घ) कार्यरत कर्मचारीहरुको कार्य विवरण

| पद | कार्य विवरण |
|---|---|
| डिभिजनल वन अधिकृत (अधिकृतस्तर दशौं) | • वन संरक्षण, संवर्द्धन, सदुपयोग र व्यवस्थापन गर्ने,<br>• कर्मचारी परिचालन तथा कार्यालय व्यवस्थापन गर्ने,<br>• विभागीय नीति निर्देशनको पालना गर्ने गराउने,<br>• नियमित अनुगमन तथा निरीक्षण गर्ने,<br>• निजामती सेवा ऐन र नियमावली अनुसार कार्यालय प्रमुखको हैसियतले गर्नु पर्ने काम कार्वाही गर्ने गराउने, |
| वन अधिकृत (अधिकृतस्तर सातौ र आठौं) | • कार्यालयले तोकेको सव-डिभिजन वन कार्यालयको कर्मचारीहरुलाई परिचालन गर्ने<br>• वन संरक्षण, संवर्द्धन, सदुपयोग र व्यवस्थापन कार्यमा सहयोग गर्ने,<br>• विभागीय निति निर्देशनको परिपालना गर्ने, |
| लेखापाल | • लेखा प्रणालीलाई व्यवस्थित, उत्तरदायी र पारदर्शी बनाउने, |

उत्सव थापा
स व अ
(अधिकृतस्तर आठौं)



CS Scanned with CamScanner

| | |
|---|---|
| (अधिकृतस्तर छैठौं) | • बिल भरपाईको आधारमा खर्च गर्न गोश्वारा भौचर तयार गर्ने,<br>• खर्चको अभिलेखहरु बैंक नगदी किताव, बजेट सिट, पेश्की खाता एंव आवश्यक खाताहरु खर्च स्वीकृत भएबमोजिम लेखा कारोबार प्रष्ट रुपमा अद्यावधिक गर्ने,<br>• आर्थिक ऐन, नियम एवं परिपत्रहरुको परिपालना गरी लेखा प्रणालीलाई व्यवस्थित गर्ने |
| रेञ्जर<br>(अधिकृतस्तर छैठौं) | • वन संरक्षण, संवर्द्धन, सदुपयोग र व्यवस्थापन कार्यमा सहयोग गर्ने,<br>• कार्यालयको निर्देशन र विभागीय निति निर्देशनको परिपालना गर्ने,<br>• तोकिएको कार्यहरु समयमै सम्पादन गर्ने |
| सुब्बा<br>(अधिकृतस्तर छैठौं) | • नियमित प्रशासनिक गतिविधिहरु संचालन गर्ने<br>• आफ्नो शाखाको सूचना तथा अभिलेख अद्यावधिक गर्ने<br>• कार्यालयको निर्देशन र विभागीय निति निर्देशनको परिपालना गर्ने |
| फरेष्टर<br>(रा.प.अनं. द्वितीय प्रा.) | • कार्यालयको निर्देशन र विभागीय नीति निर्देशनको परिपालना गर्ने,<br>• तोकिएको कार्यहरु समयमै सम्पादन गर्न सहयोग गर्ने<br>• टुर-गस्ती गर्ने |
| खरिदार<br>(रा.प.अनं. द्वितीय) | • दर्ता चलानी, फाईलिङ तथा अभिलेख प्रणालीलाई चुस्तदूरुस्त अद्यावधिक गर्ने,<br>• कार्यालयको निर्देशन र विभागीय निति निर्देशनको परिपालना गर्ने |
| वन रक्षक<br>(श्रेणीविहीन) | • कार्यालयको निर्देशन र विभागीय निति निर्देशनको परिपालना गर्ने,<br>• टुर-गस्ती गर्ने |
| ह.स.चा.<br>(श्रेणीविहीन) | • आफ्नो जिम्मा रहेको सवारी हिफाजत साथ चलाउने,<br>• कार्यालयले दिएको आदेश एवं निर्देशनलाई ईमान्दारीपूर्वक पालना गर्ने |
| का.स.<br>(श्रेणीविहीन) | • तोकिएको समयमा आई कार्यालय खोली नियमित कार्यालय सरसफाई गर्ने,<br>• चिठीपत्र ओसारपसार गर्ने,<br>• कार्यालयले दिएको आदेश एवं निर्देशनलाई ईमान्दारीपूर्वक पालना गर्ने |

## ङ) कार्यालयबाट प्रदान गरिने सेवा

| सि.नं. | सेवाको प्रकार |
|---|---|
| १ | सोधपूछ र पत्र दर्ता चलानी |
| २ | सूचना प्रवाह |
| ३ | सामुदायिक वन विधान दर्ता |
| ४ | सामुदायिक वन कार्ययोजना स्वीकृत, हस्तान्तरण तथा नवीकरण |
| ५ | कबुलियती वन माग र दर्ता |
| | क) विपन्न समुदायलाई |
| | ख) वन पैदावारमा आधारित उद्योगलाई |

उत्सव थापा
स च उ
(अधिकृतस्तर आठौं)



Scanned with CamScanner

| | |
|---|---|
| ६ | निजी वन र निजी आवादी जग्गाको काठ दाउराको स्थानान्तरण ईजाजत |
| ७ | धार्मिक वन दर्ता |
| ८ | लघु वन पैदावार संकलन र स्थानान्तरण ईजाजत |
| ९ | वन पैदावारमा आधारित उद्योगको लागि दुरी प्रमाणित |
| १० | समूहको खाता संचालनको लागि खाता सिफारिस |

## च) सेवा प्रदान गर्ने कार्यालयको शाखा र जिम्मेवारी अधिकारी

| सेवा प्रदान गर्ने कार्यालयको शाखा | जिम्मेवारी अधिकारी |
|---|---|
| योजना तथा व्यवस्थापन | उत्सव थापा, मो.नं. ९८५२०६०५२९, वन अधिकृत |
| लेखा शाखा | गीताचारी आचार्य, मो.नं. ९८५२६८९६१३, अ.छैटौं (लेखा) |
| प्रशासन शाखा | कर्ण प्रसाद अधिकारी, मो.नं. ९८४२४५१२९५, अ.छैटौं (प्रशासन) |

| सम्पर्क फोन नम्वर तथा ईमेल ठेगाना | | | | |
|---|---|---|---|---|
| कार्यालय प्रमुख | डिभिजनल वन अधिकृत श्री भरत बाबु श्रेष्ठ | ०२६-५२२२२९ | ९८५२०५०५२९ | dhankutadfo@gmail.com |
| सूचना/गुनासो सुन्ने अधिकारी | वन अधिकृत श्री उत्सव थापा | ०२६-५२२२२९ | ९८५२०६०५२९ | dhankutadfo@gmail.com |

उत्सव थापा
रा व अ
(अधिकृतस्तर आठौं)



Scanned with CamScanner

# नागरिक बडापत्र

| सि. नं. | कार्यालयले दिने सेवाहरु | सेवा प्राप्त गर्ने प्रक्रिया | लाग्ने दस्तुर | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा दिने जिम्मेवार शाखा वा फाँट | ढिलासुस्ती भएमा सम्पर्क राख्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता समुह गठन तथा विधान दर्ता | इच्छूक स्थानीय उपभोक्ताले समूह गठन एवं समूहको विधान तयार गरी समूहको भेलाबाट अनुमोदन गराई सो को निर्णय र सम्बन्धित सब-डिभिजन वन कार्यालयको राय सहित वन नियमावली, २०७९ को अनुसूचीमा उल्लेखित ढाँचामा निवेदन पेश गर्नुपर्ने। | शुल्क नलाग्ने | आवश्यक कागजात सहित पेश हुन आएको १५ दिन भित्र। | योजना तथा व्यवस्थापन शाखा | डि.व.अ./सूचना अधिकारी |
| २ | सामुदायिक वनको कार्ययोजना तयारी र हस्तान्तरण | प्रचलित ऐन नियम, निर्देशिकाहरुको अधिनमा रहि वन प्राविधकको सहयोगमा वन उपज मापन सहितको वन कार्ययोजना तयार गरि समूहको साधरण भेलाबाट अनुमोदन गराई सम्बन्धित स्थानीय तहको सिफारिश र सम्बन्धित सव डिभिजन वन कार्यालयको राय सहित वन नियमावली, २०७९ को अनुसूचीमा उल्लेखित ढाँचामा निवेदन पेश गर्नुपर्ने। | शुल्क नलाग्ने | आवश्यक कागजात सहित पेश हुन आएको १५ दिन भित्र। | योजना तथा व्यवस्थापन शाखा | डि.व.अ./सूचना अधिकारी |
| ३ | सामुदायिक वनको वन पैदावार सदुपयोग | आन्तरिक खपतको लागि : स्वीकृत वन कार्ययोजनाको परिधिभित्र रही स्थानीय माग संकलन, समूहको निर्णय प्रतिलिपि सहित सम्बन्धित सव डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयमा तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्ने।<br>बाह्य विक्रीको लागि : स्वीकृत वन कार्ययोजनाको परिधिभित्र रही समूहको निर्णय प्रतिलिपि र सम्बन्धित सव डिभिजन वन कार्यालयको सिफारिस सहित तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्ने। | बाह्य विक्रीको लागि मू.अ.कर : विक्री मूल्यको १३ % र प्रदेश शुल्क : प्रति क्यू.फिट साल, खयर प्रजातीको हकमा रु. ७।- तथा अन्य प्रजातिको हकमा रु.३।- | स्थानान्तरण सहमति : सामुदायिक वनको काठ दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका २०७१ बमोजिमको प्रकृया पूरा भई आएको ७ दिन भित्र। | योजना तथा व्यवस्थापन शाखा र सम्बन्धित सव डिभिजन वन कार्यालय | डि.व.अ./सूचना अधिकारी |
| ४ | सामुदायिक वनको कार्ययोजना नवीकरण | कार्ययोजनाको म्याद सकिएका सामुदायिक वन उपभोक्ता समूहले वन प्राविधिकको सहयोगमा नयाँ कार्ययोजना तयार गरी समूहको अनुमोदन सहितको निर्णय र सम्बन्धित सव डिभिजन वन कार्यालयको राय सहित पेश गर्नु पर्ने। | शुल्क नलाग्ने | आवश्यक कागजात सहित पेश हुन आएको ५ दिन भित्र। | योजना तथा व्यवस्थापन शाखा र सम्बन्धित सव डिभिजन वन कार्यालय | डि.व.अ./सूचना अधिकारी |
| ५ | धार्मिक वन हस्तान्तरण | प्रचलित ऐन अनुसार दर्ता भएका धार्मिक समूह वा निकायले आफूले संरक्षण गर्न चाहेको परापूर्व कालदेखिको धार्मिक स्थल र त्यसको वरिपरिको वनको चारकिल्ला र क्षेत्रफल खुलाई वन प्राविधकको सहयोगमा त्यस्तो वनको कार्ययोजना तयार गरि संबन्धित स्थानिय तहको सिफारिश र सव डिभिजन वन कार्यालयको राय सहित पेश गर्नु पर्ने। | शुल्क नलाग्ने | आवश्यक कागजात सहित पेश हुन आएको १५ दिन भित्र। | योजना तथा व्यवस्थापन शाखा र सम्बन्धित सव डिभिजन वन कार्यालय | डि.व.अ./सूचना अधिकारी |
| ६ | निजी वन दर्ताको लागि प्राविधिक सहयोग एवं सिफारिस | नेपाली नागरिकताको प्रमाण–पत्र, जग्गा धनी प्रमाण पूर्जा, मालपोत तिरेको रसिद, जग्गाको नक्सा संलग्न राखि सम्बन्धित निजी वन धनीले निवेदन दिनुपर्ने। तत्पश्चात नापी कार्यालय र स्थानीय तहका प्रतिनिधि | शुल्क नलाग्ने | निवेदन माग भई आएको १५ दिन भित्र। | योजना तथा व्यवस्थापन शाखा र सम्बन्धित सव डिभिजन वन कार्यालय | डि.व.अ./सूचना अधिकारी |



उत्सव थापा
रा व अ

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहितको संयन्त्र बाट छानविन तथा सार्वजनिक सुनुवाई पश्चात निजी वन दर्ताको लागि सम्बन्धिच स्थानियतहमा सिफारिश गरिने। | | | | |
| ७ | व्यावसायिक प्रयोजनको लागि निजी आवादी जग्गाको वन पैदावार सकलन तथा ओसारपसार | नेपाली नागरिकताको प्रमाण–पत्र, जग्गाधनी प्रमाण पूर्जा, मालपोत तिरेको रसिद, जग्गाको नक्शा, स्थानीय तहको सिफारिस सहित तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्ने तथा वन/मालपोत/नापी/सम्बन्धित स्थानीय तहका प्रतिनिधि सहितको संयन्त्र बाट छानबिन तथा सार्वजनिक सुनुवाई पश्चात ठहर भएका वन पैदावार संकलनको लागि कटान तथा स्थानान्तरण सहमति हुने। | मू.अ.कर : १३ % र प्रदेश शुल्क : प्रति क्यू.फिट साल, खयर प्रजातिको हकमा रु. ७।- तथा अन्य प्रजातिको हकमा रु. ३।- | कटान/संकलन आदेश : ३ दिन भित्र, नापजाँच तथा लगत तयारी : कटान मुछान भई काठ, दाउरा घाटगद्धीमा आएको ३ दिन भित्र, बिमार्का तथा स्थानान्तरण इजाजत: कार्यालयमा लगत पेश भई मू.अ.कर दाखिला गरेको ३ दिन भित्र। | योजना तथा व्यवस्थापन शाखा र सम्बन्धित सव डिभिजन वन कार्यालय | डि.व.अ./सूचना अधिकारी |
| ८ | गैहकाष्ठ वन पैदावार संकलन र स्थानान्तरण इजाजत | संकलन इजाजतका लागि वन पैदावारको जात, परिमाण र वन क्षेत्र सहितको विवरण खुलाई तोकिएको ढाँचामा डि.व.का.मा निवेदन पेश गर्ने र नियमानुसार संकलन इजाजत प्राप्त भए पश्चात संकलन गरी तोकिएको घाटगद्धीमा राख्ने तथा फिल्डबाट नापजाँच मुचुल्का सहितको सिफारिस प्राप्त भए पश्चात स्थानान्तरण इजाजत दिइने। | वन नियमावलीले तोकेको राजश्व दस्तुर | निरीक्षण भई सम्बन्धित सव डिभिजन वन कार्यालयको सिफारिस साथ कार्यालयमा पेश भएको ३ दिन भित्र | योजना तथा व्यवस्थापन शाखा र सम्बन्धित सव डिभिजन वन कार्यालय | डि.व.अ./सूचना अधिकारी |
| ९ | वन, वन्यजन्तु हानी नोक्सानी सम्बन्धी कार्वाही | लिखित वा मौखिक वा अन्य कुनै सूचना वा जाहेरी प्राप्त भए पश्चात वन, वन्यजन्तु सम्बन्धी अपराध सम्बन्धमा अनुसन्धान भई जिल्ला सरकारी वकील कार्यालयबाट राय प्राप्त भए पछि सम्बन्धित निकायमा मुद्धा अभियोजन गरिने। | शुल्क नलाग्ने | अभियुक्त पक्राउ भएको २५ दिन भित्र मुद्धा दायर हुने। | कर्मचारी प्रशासन शाखा र सम्बन्धित सव डिभिजन वन कार्यालय | डि.व.अ./सूचना अधिकारी |
| १० | विरुवा वितरण (रुख तथा जडीबुटी प्रजाति) | तोकिएको ढाँचामा माग गरेको विरुवा संख्या, वृक्षारोपण गर्ने स्थान र क्षेत्रफल समेत खुल्ने गरी निवेदन दिनुपर्ने। | शुल्क नलाग्ने | निवेदन प्राप्त भएकै दिन पायक पर्ने वन नर्सरीबाट उपलब्ध गरिने (आषाढ देखि भाद्र महिनामा मात्र) | योजना तथा व्यवस्थापन शाखा र सम्बन्धित सव डिभिजन वन कार्यालय | डि.व.अ./सूचना अधिकारी |
| ११ | वन सम्बन्धी प्राविधिक सेवा | प्राविधिक सेवा आवश्यक पर्ने, व्यक्ति, समूह वा निकायले आफूलाई आवश्यक परेको वन संग सम्बन्धित सेवाको एकिन विवरण खुलाई निवेदन पेश गर्नु पर्ने। | शुल्क नलाग्ने | माग गरिएको सेवाको प्रकृति हेरी १ देखि १५ दिन। | योजना तथा व्यवस्थापन शाखा र सम्बन्धित सव डिभिजन वन कार्यालय | डि.व.अ./सूचना अधिकारी |
| १२ | वार्षिक स्वीकृत कार्यक्रम अनुसारका कार्यक्रम कार्यान्वयन | प्रदेश वन मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन मार्गदर्शन/कार्यविधि अनुसारको प्रकृया अवलम्वन गरि कार्यक्रम सञ्चालन गरिने। | | | योजना तथा व्यवस्थापन शाखा, लेखा शाखा, कर्मचारी प्रशासन शाखा र सम्बन्धित सव डिभिजन वन कार्यालय | डि.व.अ./सूचना अधिकारी |



उत्सव क्षेत्री

Scanned with CamScanner

## छ) निर्णय गर्ने प्रकृया र अधिकारी

सम्बन्धित फाँटको सिफारीसमा कार्यालय प्रमुख

## ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालय प्रमुख वन ऐन नियमले तोकेको अधिकारी

## झ) सम्पादन गरेको कामको विवरण:

- निजी वन/निजी जग्गा बाट काठ उत्पादन ९,०३,४८०.०६ क्यू.फि. (बाहिर निकासी)।
- बेवारिसे बरामद भएका खयरका काठ (SW- ५२१.६८ cft., HW- ३७२.६३ cft.) को लिलामबाटः राजश्वः रु. ६,२५,२००।-, मू.अ.क. रु. ६८,०००।– र प्र.से.शु. रु. ३,७००।– संकलन।
- विरुवा उत्पादनः १,५०,००० गोटा एकवर्षे, २०,००० बहुवर्षे, १०,००० वनजन्य फलफूल र ४०,००० समूह मार्फत गरी कूल २,२०,००० विरुवा उत्पादन।
- ३९ गोटा सा.व.उ.स. तथा १ धा.व. कार्ययोजना नवीकरण
- एक सा.व. एक संरक्षण पोखरी (५), सिमसार संरक्षण तथा व्यवस्थापन (३) तथा वन्यजन्तु तथा बासस्थान संरक्षण कार्यक्रम (२) बाट कूल ८ सा.व. मा १० वटा संरक्षण पोखरी निर्माण गरिएको।
- ३९ सामुदायिक वन उपभोक्ता समूह तथा १ धार्मिक वन समूहको कार्ययोजना नवीकरण भएको,
- मुद्दा दायरीः १ गोटा, वन्यजन्तु उद्धारः २ वटा रतुवा मृग
- स्तनपान कक्ष स्थापना
- १० जना कृषि वन धनी मार्फत कृषि वन प्रणाली प्रवर्द्धन कार्य सञ्चालन
- वातावरण विभाग अन्तर्गत २ पार्क सहितको उद्यान निर्माण
- ६ स्थानमा जडीबुटी खेती विस्तार कार्यः- १४५ रोपनीमा (चिराईतो, तेजपात, बोकेटिमुर)
- वन प्रजाति तथा वनजन्य फलफूलका गरी करिब ८ हे. मा वृक्षारोपण तयारी सम्पन्न
- वृक्षारोपण कार्य मार्फत जिल्लाको करिब ४ हे. अतिक्रमित वनक्षेत्र पुनर्स्थापन गरिएको
- आ.व. को चौथो त्रैमासिक अवधिमा कूल ३६,५२२ श्रमदिनबाट १०० पूर्ण रोजगारी सिर्जना भएको।

## ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद

| सि.नं. | नाम थर | पद | फोन नं. |
|---|---|---|---|
| १ | कार्यालय प्रमुख श्री भरत बाबु श्रेष्ठ | डिभिजनल वन अधिकृत | ९८५२०५०५२९ |
| २ | सूचना अधिकारी श्री उत्सव थापा | वन अधिकृत | ९८५२०६०५२९ |

उत्सव थापा



Scanned with CamScanner

## ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

| सि.नं. | प्रकार | सूची |
|---|---|---|
| १ | ऐन | वन ऐन २०७६, प्रदेश वन ऐन २०७७, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, वातावरण संरक्षण ऐन २०७६, प्रदेश वातावरण संरक्षण ऐन २०७७ |
| २ | नियमावली | वन नियमावली २०७९, प्रदेश वन नियमावली २०८०, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३०, वातावरण संरक्षण नियमावली २०७७, प्रदेश वातावरण संरक्षण नियमावली २०७७ |
| ३ | रणनीति | वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ |
| | | वन डढेलो व्यवस्थापन रणनीति २०६७ |
| ४ | निर्देशिका | जिल्ला वन पैदावार आपुर्ति समितिको कार्यविधि निर्देशिका, २०६३ |
| | | जिल्ला वनक्षेत्र समन्वय समितिको गठन तथा संचालन निर्देशिका, २०६८ |
| | | भूकम्प पिडितहरुको लागि काठ दाउरा उत्पादन, आपुर्ति र व्यवस्थापन निर्देशिका २०७२ |
| | | सामुदायिक वनको निर्देशिका २०५२ |
| | | वन विकास कोष स्थापना तथा संचालन कार्यविधि निर्देशिका २०६४ |
| | | साझेदारी वन व्यवस्थापन निर्देशिका २०६८ |
| | | निजी वन विकास निर्देशिका २०६८ |
| | | खोटो संकलन कार्यविधि निर्देशिका २०६४ |
| | | सुनाखरी संकलन तथा खेति विस्तार कार्यविधि निर्देशिका २०६९ |
| | | वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०७४ |
| | | गैरसरकारी सेवा प्रदायकबाट सेवा प्राप्ति सम्बन्धि निर्देशिका २०६१ |
| ५ | कार्यविधि | राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्ड सहितको कार्यविधि २०७६ |
| | | वन्यजन्तु आखेटोपहार व्यवस्थापन सम्बन्धी कार्यविधि २०७२ |
| | | व्यावसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि २०६८ |
| ६ | मापदण्ड | सरकारी रुखहरु हटाउने सम्बन्धी मापदण्ड २०७१ |
| | | विदेशबाट काठ आयात गर्दा अपनाउनु पर्ने मापदण्ड २०७३ |

## ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण:

### वन पैदावार उत्पादन, विक्रि वितरण र राजश्व सम्बन्धी अद्यावधिक विवरण

| सि.नं. | वन पैदावारको नाम | सामुदायिक वन | निजी वन | सरकारद्धारा व्यवस्थित वन |
|---|---|---|---|---|
| १ | काठ (क्यू.फि.) | - | ९,०३,४८०.०६ | ९,५८०.६३ |
| २ | दाउरा (चट्टा) | - | - | ६.०२३ |
| ३ | गैहकाष्ठ वन पैदावार (के.जी.) | - | १४,५०० | - |

उत्सव अर्याल
स व अ
(अधिकृतस्तर आठौं)



Scanned with CamScanner